प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १२

"न ता अरू कसैमा मुक्ति छ; किनभने स्वर्गमुनि मानिसहरूको बीचमा अरू कुनै नाम दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनुपर्दछ।"

प्रेरित ४:१२

गम्भीर प्रार्थना

बाइबलबाट: "हे परमेश्वर मेरो जाँच-पडताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्; मलाई जाँच्नुहोस् र मेरा विचारहरू बुझ्नुहोस्; अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि" (भजन १३९:२३–२४)।

आजको जीवनबाट: "प्रभु, तपाईंको ज्योतिले मेरो जीवनको हरेक कोठामा प्रवेश गर्नुहोस्। चीजहरू तपाईंको दृष्टिमा जस्ता देखिन्छन्, मलाई पनि त्यस्तै देखाउनुहोस्। अनि प्रभु, त्यस-अनुसार आज्ञाकारी हुन मलाई सहायता गर्नुहोस्।"

चिन्तामुक्त जीवन

हड्सन टेलरले परमेश्वर-माथि पूर्ण भरोसाको जीवन जिए। उनले यसरी भनेका छन्:

"आउनुहोस्, हामी आफ्नो काम, आफ्ना विचार, आफ्ना योजनाहरू, आफ्नै जीवन, आफ्ना प्रियजनहरू—सबै कुरा पूर्ण रूपमा उहाँको हातमा सुम्पिदिऊँ। जब तपाईंले सबै कुरा परमेश्वरलाई अर्पण गर्नुहुन्छ, तब चिन्ता गर्न तपाईंका लागि केही पनि बाँकी रहँदैन।"

धर्मकर्म र मुक्तिबीचको फरक

"किनकि हामीलाई परमेश्वरकहाँ पुर्याउनलाई ख्रीष्टले पनि — धर्मी जनले अधर्मीहरूका निम्ति — पापहरूका लागि एकपल्ट दुःख भोग्नुभयो र शरीरमा मारिनुभयो, तर आत्माद्वारा जीवित पारिनुभयो" (१ पत्रुस ३:१८)।

धर्मकर्म र मुक्ति बीच ठूलो भिन्नता छ। धर्म भनेको मानिसले आफैँलाई परमेश्वरकहाँ पुऱ्याउने प्रयास हो—संस्कारहरूद्वारा, असल कामहरूद्वारा, विभिन्न विधिहरू पालन गरेर, निश्चित नैतिक मापदण्डमा पुग्ने कोसिस गरेर आदि। तर मुक्ति पूर्ण रूपमा फरक कुरा हो। परमेश्वरलाई थाहा थियो कि मानिस आफैंले कहिल्यै परमेश्वरको धार्मिकताको स्तरमा पुग्न सक्दैन, किनकि "सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्" (रोमी ३:२३)। त्यसैले मुक्ति भनेको ख्रीष्टले क्रूसमा हाम्रो लागि गर्नुभएको कामको आधारमा हामी पापी, असहाय र आशाहीन मानिसहरूलाई परमेश्वरकहाँ ल्याउनु हो।

मुक्ति कहिल्यै पनि धार्मिक कामहरू गरेर कमाउन सकिँदैन: "तब हामी आफैले गरेका धार्मिकताका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हामीलाई बचाउनुभयो, नयाँ जन्मको स्नान र पवित्र आत्माबाटको नवीकरणद्वारा" (तीतस ३:५)। मुक्ति *हामीले गर्ने* काम होइन (रोमी ३:२०), तर *परमेश्वरले पूरा गरिसक्नुभएको* काम हो (यूहन्ना १९:३०)।

मानौं तपाईंलाई विशाल समुद्रपारिको देशमा जानु छ। तपाईं पौडी खेलेर पुग्न खोज्नुहुन्न, बरु पानीजहाज चढेर जानुहुन्छ। त्यसै गरी आफ्नै प्रयासले परमेश्वरकहाँ पुग्न नखोज्नुहोस्; बरु मुक्तिदाता येशूमाथि भरोसा गर्नुहोस्—परमेश्वरकहाँ पुऱ्याउने एउटै माध्यम उहाँ नै हुनुहुन्छ। - जर्ज जेलर

सृष्टिको साँचो विवरण

केवल बाइबल नै यस्तो पुस्तक हो, जसले आफ्नो आरम्भ अनन्त, सर्वशक्तिमान् र व्यक्तिगत परमेश्वरले सम्पूर्ण सृष्टिलाई विशेष उद्देश्यसहित सृष्टि गर्नुभएको घटनाबाट गर्छ। उत्पत्ति कसरी भयो भन्ने प्रश्नमा बाइबलले स्पष्ट, अद्वितीय र तर्कसंगत उत्तर दिन्छ—"आदिमा परमेश्वरले... सृष्टि गर्नुभयो।" अन्य धार्मिक ग्रन्थहरू यस विषयमा स्पष्ट र ठोस उत्तर दिन असमर्थ देखिन्छन्। तिनीहरूले ब्रह्माण्ड विद्यमान पदार्थबाट विकसित भएको विचार प्रस्तुत गर्छन्, तर त्यो पदार्थ स्वयं कसरी अस्तित्वमा आयो भन्ने मूल प्रश्नको उत्तर दिँदैनन्। यही समस्या क्रमविकासवादमा पनि देखिन्छ।

केवल बाइबलले पदार्थको सुरुवातलाई अनन्त परमेश्वरको अस्तित्वसँग जोडेर बुझाउँछ। उहाँ पदार्थ, समय र स्थान (स्पेस) भन्दा बाहिर हुनुहुन्छ। उहाँले पदार्थलाई अस्तित्वमा ल्याउनुभयो, र चाहनुहुँदा त्यसलाई अस्तित्वबाट हटाउन पनि सक्नुहुन्छ। — हेन्री मोरिस, Many Infallible Proofs

© 2026 WORDOFTRUTH.COM.NP

परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ३ [४ मध्ये भाग ४]

दक्षिणी राज्यको पतन र विनाश

रहबाम र उनका अधिकांश उत्तराधिकारीहरूले सुलेमानको खराब उदाहरणलाई पछ्याए र यहूदा राज्यलाई अझ गहिरो सत्यत्यागतर्फ धकेले। आफ्नो सम्पूर्ण इतिहासभरि दक्षिणी राज्यमा जम्मा उन्नाइस राजा र एक रानी भए। ती बीस शासकमध्ये केवल सात जना मात्र परमेश्वरभक्त थिए।

जब शैतानले यहूदालाई अझ गहिरो सत्यत्यागतर्फ धकेलेर मुक्तिदाताको आगमनलाई रोक्न प्रयास गरिरहेको थियो, त्यही उद्देश्य पूरा गर्न उसले दाऊदको राजवंशलाई नै समाप्त पार्ने प्रयास पनि गऱ्यो। यस आक्रमणको उसको साधन थिइन्—उत्तरी राज्यका कुख्यात जोडी आहाब र इजेबेलकी छोरी अतल्याह।

अतल्याहले दाऊदको राजकीय वंशको संहार गर्दै

अतल्याहले यहूदाको राजघरानामा विवाह गरिन् (२ राजा ८:१६–१८)। उनका पति र छोराको मृत्यु भएपछि उनले यहूदाको सिंहासन कब्जा गरिन् र आफूलाई रानी घोषणा गरिन्। आफ्नो शासन सुरक्षित राख्न उनले दाऊदका सन्तानमध्ये हरेक राजकीय व्यक्तिको संहार गर्न आदेश दिइन् (२ राजा ११:१)।

मन्दिरमा लुकाइएका योआश—मुक्तिदाताको वंश जोगियो

मुक्तिदाताको वंशलाई नष्ट गर्ने यस शैतानी प्रयासको सामना गर्दै परमेश्वरले दाऊदका राजवंशीय सन्तानमध्ये एक जनालाई जोगाएर आफ्नो योजना सुरक्षित राख्नुभयो। शिशु योआशलाई प्रधान पूजाहारी र उनकी पत्नीले मन्दिरमा छ वर्षसम्म लुकाएर राखे (२ इतिहास २२:११–१२)। उचित समयमा योआशलाई राजा घोषित गरियो, र अतल्याह मारिइन् (२ राजा ११:४–१६)।

यहूदामा बढ्दै गएको सत्यत्यागलाई परमेश्वरले धर्मी राजाहरूलाई उठाएर, तिनीहरूद्वारा पटक-पटक भएका आत्मिक जागरणमार्फत थाम्नुभयो। तीमध्ये सबैभन्दा ठूलो जागरण हिजकियाको समयमा भयो। परमेश्वरतर्फ भएको यस फर्काइका कारण प्रभुले शताब्दीयौँ अघि मोशाद्वारा दिनुभएको आफ्ना प्रजालाई सुरक्षित राख्ने प्रतिज्ञा पूरा गर्नुभयो। ईसा पूर्व ७०१ मा एउटा विशाल अश्शूरी सेना यहूदामाथि आक्रमण गर्न आयो। जब त्यसले यरूशलेमलाई घेराबन्दी गर्ने धम्की दियो, तब परमेश्वरले एकै रातमा १,८५,००० अश्शूरी सैनिकहरूलाई मार्नुभयो, र बाँकी सेना आफ्नै देश फर्कन बाध्य भयो (२ राजा १८:६–१६:३७)।

कहिलेकाहीँ भएका आत्मिक जागरणहरूको प्रभावले यहूदा उत्तरी राज्यभन्दा लामो समयसम्म टिकिरहन सक्यो। तर ती जागरणहरू हुँदाहुँदै पनि यहूदाको गहिरो र स्थायी प्रवृत्ति भने सत्यत्यागतर्फ नै झुकेको थियो। फेरि पनि परमेश्वरले आफ्ना प्रजालाई पश्चात्ताप गर्न चेतावनी दिन भविष्यवक्ताहरू उठाउनुभयो र विभिन्न प्रकारका ताडनाहरू प्रयोग गर्नुभयो, तर फेरि पनि प्रजाले सुन्न मानेनन्। यहूदाका सबैभन्दा दुष्ट राजा मनस्सेको लामो शासनकालमा सत्यत्याग आफ्नो सबैभन्दा भयावह गहिराइमा पुग्यो (२ राजा २१:१–१८)। मनस्सेले आफ्नो राज्यलाई कनानीहरूको भन्दा पनि बढी भ्रष्ट अभ्यासहरूमा डोऱ्याए। उनको शासनकालको सत्यत्याग यति घोर भयो कि यहूदामाथिको परमेश्वरको न्याय अपरिवर्तनीय बन्यो। पछि योसियाहको समयमा भएको जागरणले समेत त्यसलाई रद्द गर्न सकेन (२ राजा २३:२६–२७; २४:३–४)।

अश्शूरीले इस्राएलको उत्तरी राज्यलाई ताडना दिने परमेश्वरको उद्देश्य पूरा गरिसकेपछि, उसको शक्ति निरन्तर घट्दै गयो। परमेश्वरलाई अब आफ्नो सेवाको लागि उसको आवश्यकता नभएकाले, ईसा पूर्व ६०५ सम्ममा मादीहरू र बेबिलोनीहरूले उसलाई पूर्ण रूपमा पराजित गरे। यहूदाको सत्यत्यागको पापको कचौरा पूरा भरिन लागेको थियो, त्यसैले परमेश्वरले उसलाई ताडना दिन अर्को विदेशी शक्तिलाई उठाउने समय आएको

थियो। त्यो नयाँ शक्ति बेबिलोन थियो।

अश्शूरीलाई पराजित गरेपछि, बेबिलोनका युवराज नबूकदनेसरले ईसा पूर्व ६०५ मा आफ्ना सेनाहरू यहूदातर्फ अघि बढाए र यरूशलेममा धन–सम्पत्ति र बन्दीहरू कब्जा गरे। भविष्यवक्ता दानिएल र उनका साथीहरू पनि बेबिलोनमा बन्दी बनाएर लगिएकाहरूमा परेका थिए (२ राजा २४:१; दानिएल १:१–६)। यसरी यहूदीहरूको बेबिलोनी निर्वासन सुरु भयो।

ईसा पूर्व ५९७ मा बेबिलोनी सेनाहरू फेरि यरूशलेममा फर्किए, मन्दिरलाई लुटे र यहूदाका राजकीय खजानाहरू कब्जा गरे। यहूदाका राजा, अन्य राजनीतिक तथा सांस्कृतिक अगुवाहरू, साथै भविष्यवक्ता इजकिएल पनि यहूदीहरूको यस दोस्रो निर्वासनमा बेबिलोनतर्फ बन्दी बनाएर लगिए (२ राजा २४:८–१६)।

इजकिएल बेबिलोन पुगेपछि, कुनै तरिकाले परमेश्वरले उनलाई यरूशलेमको मन्दिर र शहरबाट आफ्नो महिमा फिर्ता लिइँदै गरेको दृश्य देख्न दिनुभयो (इजकिएल ८–११)। परमेश्वरको राज्य र शैतानको राज्यबीचको संघर्षमा यो अत्यन्त महत्वपूर्ण घटना थियो। यसले आफ्ना प्रजाको निरन्तर सत्यत्यागका कारण तिनीहरूका बीचबाट परमेश्वरको सुरक्षात्मक उपस्थितिको फिर्ता भएको जनाउँथ्यो। अब बेबिलोनीहरूका लागि मन्दिर र यरूशलेमलाई नष्ट गर्ने बाटो खुला भएको थियो।

आफ्नो कठपुतली यहूदी राजाको विद्रोहका कारण बेबिलोनीहरू फेरि यरूशलेममा फर्किए। ईसा पूर्व ५८६ मा उनीहरूले शहरमा प्रवेश गरे, धेरै यहूदीहरूलाई मारे, मन्दिरलाई ध्वस्त पारे, शहरलाई भग्नावशेषमा छोडे, र बाँकी रहेका अधिकांश यहूदीहरूलाई बेबिलोनतर्फ बन्दी बनाएर लगे (२ राजा २५:१–११)। यसरी करिब ३५० वर्ष (ईसा पूर्व ६३१–५८६) को अस्तित्वपछि यहूदा राज्यको अन्त्य भयो।

इस्राएल र यहूदाको पतनबारे एउटा कुरा ध्यान दिनु आवश्यक छ। आफ्नै पवित्रताको कारण परमेश्वरले आफ्ना प्रजामध्ये धेरैलाई तिनीहरूको सत्यत्यागका लागि मारिन दिनुभयो। तथापि, उहाँले राष्ट्रलाई पूर्ण रूपमा नष्ट हुन दिनुभएन। उहाँले एउटा अवशेषलाई जोगाएर राख्नुभयो। आफ्ना प्रजामाथि ल्याइएको दण्डको उद्देश्य तिनीहरूलाई सत्यत्यागबाट चङ्गो पार्नु थियो, ताकि मुक्तिदाताको आगमनका लागि मार्ग तयार होस्।

— अध्याय ३ (८ मध्ये) पूरा भयो। —

साभार: What On Earth Is God Doing by Renald Showers

हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्

प्रभु येशूले केवल ४८ शब्दमै एउटा पूर्ण नमूना प्रार्थना दिनुभयो। यो रीतिपूर्वक दोहोऱ्याउनका लागि होइन, तर साँचो प्रार्थनाका मुख्य तत्त्वहरू देखाउनका लागि थियो। लूका ११:१–४ पढ्नुहोस्; त्यसबाट हामी निम्न कुराहरू सिक्छौं:

१. *प्रार्थना भनेको परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा रहेर उहाँसँग कुरा गर्नु हो।* **"हे स्वर्गमा हुनुहुने हाम्रा पिता।"** यसले मान्दछ कि तपाईं परमेश्वरका सन्तान हुनुहुन्छ; नत्र उहाँलाई पिता भन्न तपाईंलाई अधिकार छैन। प्रार्थनामा विश्वासी परमेश्वरकहाँ एक साँचो छोरा वा छोरीझैं नजिक जान्छ। यो कति महान् आशिष हो!

२. *प्रार्थना भनेको परमेश्वरको आराधना गर्नु हो।* **"तपाईंको नाम पवित्र गरियोस्।"** प्रार्थना केवल माग्ने कुरा होइन; यो उहाँको स्तुति, धन्यवाद र आराधना हो—किनकि उहाँ मात्र उच्च, पवित्र र आराधनाको योग्य हुनुहुन्छ।

३. *प्रार्थना भनेको आफूलाई परमेश्वरको योजना र उद्देश्यसँग अनुरूप बनाउनु हो।* **"तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा झैं पृथ्वीमा पनि पूरा होओस्।"** यसले परिस्थिति जस्तोसुकै भए पनि परमेश्वरको योजना पूरा होस् भन्ने इच्छा प्रकट गर्छ। प्रार्थनामा हामी आफ्ना योजना होइन, उहाँको सार्वभौम योजनासँग मेल खाने कुरा पूरा होस् भनी अनुरोध गर्छौं।

४. *प्रार्थना भनेको दैनिक आवश्यकताका लागि परमेश्वरमाथि भर पर्नु हो।* **"दिन-दिनै हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्।"** उहाँको खोजी गर्नेहरूलाई कुनै असल कुराको घटी हुनेछैन (भजनसंग्रह ३४:१०)।

५. *साँचो प्रार्थनामा हामी आफ्ना पापहरू स्वीकार गर्छौं।* **"अनि हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्।"** यदि मैले आफ्नो हृदयमा अधर्म राखें भने प्रभुले मेरो विन्ती सुन्नुहुनेछैन (भजन ६६:१८)।

६. *साँचो प्रार्थना क्षमाशील हृदयबाट आउँछ।* **"किनकि हामी पनि हाम्रो हरेक ऋणीलाई क्षमा गर्दछौं।"** यदि तपाईं कटुताले भरिएको हुनुहुन्छ भने तपाईं व्यर्थमा प्रार्थना गर्नुहुनेछ किनकि प्रार्थना क्रोधबाट मुक्त हुनुपर्छ (१ तिमोथी २:८)।

७. *प्रार्थना हाम्रो आत्मिक हतियार हो।* **"अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्।"** गेत्समनीमा चेलाहरूले प्रार्थना गरेनन् र परीक्षामा परे। हामी आत्मिक युद्धको बीचमा परमेश्वरको नजिक जान्छौं भने शैतान भाग्न बाध्य हुन्छ (याकूब ४:७)। - PS

क्रूसको सामु उठेको प्रश्न

आजभन्दा करिब ३०० वर्षअघि, इस्वी सन् १७१६ को एक दिन, जर्मनीमा उन्नाइस वर्षका रमाइलो स्वभावका एक युवा कुलीन व्यक्ति डसेलडोर्फ पुगे। घोडाहरूलाई विश्राम दिइँदै गर्दा, समय कटाउन उनी त्यहाँको प्रसिद्ध प्रदर्शनी कक्षमा पसे। उनी धनी थिए, जवान थिए, र विचारशक्तिमा तीक्ष्ण पनि; संसार उज्यालो देखिन्थ्यो, र त्यसका सम्पत्तिहरू उनका हातको पहुँचमै थिए। उनी प्रदर्शनी कक्षमा झुण्ड्याइएका चित्रहरू हेर्दै थिए। उनी एउटा चित्रको सामु उभिए, जसमा मुक्तिदाता प्रभु येशूलाई काँडाको मुकुट पहिरिएको अवस्थामा दर्शाइएको थियो। उक्त दृश्यले उनलाई स्तब्ध पाऱ्यो—उनको ध्यान एकाएक त्यसतर्फ तानियो। चित्रको मुनि ल्याटिन भाषामा निम्न शब्दहरू लेखिएका थिए: Ego pro te haec passus sum; tu vero quid fecisti pro me? यसको नेपाली रूपान्तर:

जिन्जेन्डोर्फ (१७००-१७६०)

“मैले सहें यी कष्टहरू तिम्रो लागि,
के गरेका छौ तिमीले मेरो लागि?”

उनी ती शब्दहरू बारम्बार पढिरहे—फेरि पढिरहे—र त्यहाँबाट आफूलाई अलग गर्न सकेनन्। ख्रीष्टको प्रेमले उनको आत्मालाई गहिरो रूपमा समात्यो। घण्टाहरू बित्दै गए; उज्यालो धमिलिँदै गयो; अन्ततः प्रदर्शनी कक्ष बन्द गर्ने समय भयो भनेर संरक्षकले उनलाई सम्झाउनुपऱ्यो। रात पऱ्यो—तर त्यो युवा मानिसका लागि भने त्यो अनन्त जीवनको प्रभात थियो। अब ख्रीष्ट उनका लागि बाटो, सत्य र जीवन हुनुभएको थियो। उनको नाम थियो निकोलस लुडविग भोन जिन्जेन्डोर्फ।

आफूलाई मोहित पारेको ख्रीष्टको प्रेमका चरणमा जिन्जेन्डोर्फले आफ्नो कीर्ति, धन–सम्पत्ति र जीवन नै अर्पण गरे। उनको नेतृत्वमा २०० भन्दा बढी मिसनरीहरू उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकासम्म ख्रीष्टको सुसमाचार लिएर गए। त्यसबेला यति टाढासम्म सुसमाचार प्रचार गर्ने विश्वासीहरूको अर्को कुनै समूह थिएन। जिन्जेन्डोर्फले जीवनको साँचो रहस्य बुझे—ख्रीष्टको प्रेमले भरिएको हृदय, जसले परमेश्वरलाई प्रेम गर्छ र मानिसहरूलाई पनि प्रेम गर्छ। -F.A. Lawes बाट संशोधित रूप

तपाईंको जीवन—एउटा खुला पुस्तक

तपाईं नै आफ्नो छिमेकीका लागि बाइबल हुनुहुन्छ—
तपाईंलाई भेट्दा उसले तपाईंलाई नै पढ्छ।

आज उसले तपाईंलाई तपाईंको घरमा पढ्छ;
भोलि सडकमा पनि त्यहीँ पढ्नेछ।

ऊ आफन्त हुन सक्छ, वा मित्र,
वा सामान्य चिनजान मात्र।

उसलाई तपाईंको नामसमेत थाहा नहुन सक्छ—
तर उसले पढिरहेको पुस्तक तपाईं नै हुनुहुन्छ।

- Fellowship

साँचो आराधना

यदि तपाईंले परमेश्वरलाई केवल शरीरको सेवा दिनुहुन्छ, तर हृदय र आत्मा अर्पण गर्नुहुन्न भने, त्यो कपट हो। यदि तपाईंले केवल आत्माको कुरा गर्नुहुन्छ, तर शरीरले आज्ञापालन गर्दैन भने, त्यो पवित्र कुराको अपमान हो। यदि तपाईंले शरीर र आत्मा दुवै परमेश्वरलाई अर्पण गर्नुहुन्न भने, त्यो नास्तिकता हो। तर जब तपाईंले शरीर र आत्मा दुवै परमेश्वरलाई अर्पण गर्नुहुन्छ, तब मात्र त्यो साँचो आराधना हुन्छ। - Fellowship

शब्दको मूल्य

चतुर वाक्यहरू (रसिला, हाँसोमा भनिने) टुटेको मालामा मोती झरेझैँ सजिलै हराउँछन्; तर दयालु शब्द विरलै व्यर्थ जान्छ। त्यो एउटा बीउ जस्तै हो— जुन संयोगवश झरे पनि, अन्ततः फूल बनेर फक्रिन्छ। - JFH

समर्पण

एक ख्रीष्टियनले स्वतन्त्र रूपमा जे पाएको छ, त्यो उदार रूपमा दिन्छ; र भविष्यका लागि आफ्ना स्वर्गीय पिताका प्रतिज्ञाहरूमा भरोसा राख्छ। ख्रीष्टियनको आदर्श वाक्य यस्तो हुनुपर्छ—कडा परिश्रम गर, थोरै उपभोग गर, धेरै देऊ, र सबै कुरा ख्रीष्टका लागि देऊ।

- एन्टोनी नोरिस ग्रोभ्स

आत्मिक सहयोग चाहनुहुन्छ भने तल उल्लेखित मित्रहरूलाई सम्पर्क गर्नुहोला। उहाँहरूले तपाईंको सम्पर्कलाई खुशीसाथ स्वागत गर्नुहुनेछ। - सम्पादक